# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








❐ वर्ष : २५ ❐ अंक : २८० ❐ बुधवार, ६ साउन, २०८३ ❐ Wednesday, 22 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०


## सर्वोच्च अदालतमा न्यायिक सुशासन केन्द्र स्थापना

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ५ साउन

सर्वोच्च अदालतले न्यायालयहरूप्रति गुनासो र उजुरी सम्बोधन गर्न न्यायिक सुशासन केन्द्र स्थापना गरेको छ। गत जेठ मसान्तमा प्रधानन्यायाधीश डा. मनोज शर्माले केन्द्र स्थापनाको निर्णय गरेका हुन्।

न्यायपालिकासम्बन्धी गुनासो, उजुरीहरूलाई एकीकृत प्रणालीबाट सम्बोधन गर्न प्रधानन्यायाधीशको सचिवालय अन्तर्गत न्यायिक सुशासन केन्द्र स्थापना भएको हो।

सर्वोच्च अदालतले मंगलबार जारी गरेको विज्ञप्ति अनुसार, एक महिनाको अवधिमा केन्द्रमा एक सय ८६ वटा गुनासो दर्ता भएका थिए। भौतिक रुपमा उपस्थित भएर उजुरी दिनुका साथै इमेल, टोल फ्रि नम्बर, ह्वाट्सएप अनि लगायतका माध्यमबाट गुनासो गर्न सकिने सर्वोच्च अदालतले जनाएको छ। केन्द्रमा आएको गुनासो सुनुवाईका आधारमा लामो समयदेखि अघि नबढेर रोकिएको मुद्दामा पेशी तोक्ने काम भएको, हराएको मिसिल खोज्ने काम भएको, रिट निवेदन दर्ताको अन्योल हटेको र संवेदनशील मुद्दामा क्षतिपूर्तिका लागि ढिलाइ भएको समन्वयको काम भएको सर्वोच्च अदालतले जनाएको छ। प्रधानन्यायाधीश डा. शर्माले संसदीय सुनुवाइमा न्यायपालिकाभित्रको गुनासो सम्बोधन गर्न न्यायिक सुशासन केन्द्र स्थापनाको प्रतिबद्धता जनाएका थिए। पदभाग ग्रहण गरेलगत्तै उनले गुनासो सुनुवाइलाई व्यवस्थित गर्न प्रभावकारी माध्यम प्रयोग गर्न निर्देशन समेत दिएका थिए।

# नयाँ ताल निर्माणको लापरवाहीले सुक्यो बुलबुलेको प्राकृतिक मूल

### बुलबुलेबाट दैनिक १५ हजारदेखि १ लाख रूपैयाँसम्म टिकट बिक्री भई वार्षिक १ करोड रूपैयाँभन्दा बढी राजस्व संकलन हुने गरेको छ।

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ५ साउन

सुर्खेत बुलबुल ताल, माया मै सानी हुनाले छुट्यो माया जाल, यो केवल एउटा लोकगीतको बोल वा साधारण पर्यटकीय गन्तव्यको नाम मात्र होइन। देश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूको मानसपटलमा सुर्खेत भन्नेबित्तिकै झट्ट आउने नाम बुलबुले ताल पनि हो। लोकसंस्कृति गीत-सङ्गीत र प्राकृतिक सौन्दर्यको सङ्गम मानिने यही पर्यटकीय गन्तव्यका कारण कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरले अन्तर्राष्ट्रियस्तरमै आफ्नो छुट्टै र विशिष्ट पहिचान स्थापित गर्न सफल भएको थियो। बुलबुले उद्यानभित्रको प्रमुख विशेषता भनेकै जमिनमुनिबाट 'बुलबुल' गर्दै प्राकृतिक रूपमा पानी निस्कनु र १० वटा कलात्मक ढुङ्गेधाराबाट अविरल बगिरहनु हो। तर अहिले त्यही प्राकृतिक स्रोत र इतिहास जोगाएको मुख्य मूल पूर्ण रूपमा सुकेको छ। वर्षायामा समेत यी ऐतिहासिक ढुङ्गेधाराहरू पूर्ण रूपमा सुक्खा हुनुले घुम्न आउने पर्यटकहरूलाई स्तब्ध बनाएको छ।



बुलबुले क्षेत्रको विकासको इतिहास निकै रोचक छ। वि.सं. २०३० सालमा तत्कालीन राजा वीरेन्द्र शाहको विशेष पहल र चासोमा यस क्षेत्रलाई व्यवस्थित 'बुलबुले उद्यान'का रूपमा विकास गर्ने कार्यको थालनी गरिएको थियो। त्यसयता यो क्षेत्र पर्यटकीय आकर्षणको केन्द्र मात्र बनेन सुर्खेतको आर्थिक र सामाजिक जीवनको मुख्य मेरुदण्डका रूपमा पनि स्थापित भयो।

आर्थिक दृष्टिकोणबाट हेर्दा बुलबुले उद्यान वीरेन्द्रनगर नगरपालिकाकै सबैभन्दा प्रमुख आयस्रोत हो। सामान्य दिनहरूमा टिकट बिक्रीबाट १५ देखि २० हजार रुपैयाँसम्म आम्दानी हुने गर्छ भने शनिबार र अन्य सार्वजनिक बिदाका दिनहरूमा १ लाख रुपैयाँभन्दा बढीको टिकट बिक्री हुने गर्दछ। यो उद्यानबाट नगरपालिकाले वार्षिक १ करोड रुपैयाँभन्दा बढी राजस्व सङ्कलन गर्दै आएको छ। पर्यटकीय महत्त्वबाहेक, खडेरी वा खानेपानीको सङ्कट परेका बेला स्थानीयहरूका लागि यही ढुङ्गेधारा नुहाउन, लुगा धुन र घरायसी प्रयोजनका लागि पानी भर्ने मुख्य सहारा बन्ने गरेको थियो। बुलबुलेको जिर्णोद्धार र सौन्दर्यीकरणका लागि वीरेन्द्रनगर नगरपालिकाले २४ लाख रुपैयाँको लागतमा पुराना संरचनाहरू भत्काएर कलात्मक ढुङ्गेधारा निर्माण गरेको थियो। नगरपालिकाहरूको दाबी अनुसार, तालको प्राकृतिक मूललाई क्षति नपुगोस् भनेर ठूला मेसिनरी साधन प्रयोग नगरी, पुराना संरचना नछोई केवल पानीको चुहावट (लिकेज) रोक्ने र धारालाई आकर्षक बनाउने काम मात्र गरिएको थियो। निर्माण सकिएलगत्तै सुरुमा नयाँ धाराबाट पानी बगे पनि अहिले एक्कासि पानी ठप्प हुँदा प्राविधिकहरू समेत अचम्मित परेका छन्। धारा सुक्नुको मुख्य कारक भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतद्वारा सञ्चालित अर्को नयाँ आयोजनालाई ठानिएको छ।

कार्यालयले प्रवीण निर्माण सेवासँग १ करोड १२ लाख रुपैयाँको ठेक्का सम्झौता गरी मुख्य ताल र बोटिङ हुने तालको बीचमा अर्को नयाँ ताल निर्माण कार्य अगाडि बढाएको थियो। नयाँ ताल विस्तार गर्ने क्रममा जैविक विविधतामा ठूलो आघात पुऱ्याउँदै आगन्तुक र रैथाने चराचुरुङ्गीको बासस्थानका रूपमा रहेका झन्डै १ सयभन्दा बढी रुखहरू काटिएका थिए। जमिनमुनिको प्राकृतिक पानीको तह नयाँ ताल खनिएका कारण गहिरो भएको र सानो तालमुनि रहेको मूल पानीको स्रोत डाइभर्ट (अन्तै मोडिएर) भएर छिरेको प्राविधिकहरूको दाबी छ। वीरेन्द्रनगर नगरपालिकाका इन्जिनियर यज्ञ कार्कीले पनि सुरुमा नयाँ धाराबाट पानी बगेको भए तापनि बीचको ताल गहिरो गराउँदा प्राकृतिक स्रोत अन्तै मोडिएको हुन सक्ने प्रबल आशङ्का व्यक्त गरेका छन्।

ऐतिहासिक धारा सुकेपछि यहाँ पुग्ने पर्यटकहरू सुक्खा र रित्तो धारा हेरेर निराश हुँदै फर्कन बाध्य छन्। राष्ट्रिय गौरव र लोकसंस्कृतिका गीतहरूमा गुञ्जिएको स्थानको यो हविगतले सुर्खेतकै साख र पहिचानमा गम्भीर धक्का पुऱ्याएको छ। घुम्न आउने पर्यटकहरूमा पर्ने नकारात्मक प्रभावलाई ध्यानमा राख्दै नगरपालिकाले केही महिनायता ढुङ्गेधारा क्षेत्रमा नुहाउन र कपडा धुन पूर्ण रूपमा बन्द गराएको छ। बुलबुलेको अस्तित्व जोगाउन अब परम्परागत तरिकाले सम्भव छैन। यसका लागि तत्काल वैज्ञानिक र प्राविधिक कदम चाल्न आवश्यक छ।

## उच्च र मातहतका अदालतबाट तीन वर्षमा १८ हजार मुद्दा फछ्यौंट

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ५ साउन

पछिल्ला तीन आर्थिक बर्षमा उच्च अदालत सुर्खेत र मातहतका जिल्लाहरुले १८ हजार ५ सय १२ मुद्दा फछ्यौंट गरेका छन्। उच्च अदालतसहित मातहतका सुर्खेत, सल्यान, रुकुम पश्चिम, जाजरकोट र दैलेख जिल्ला अदालतहरुले यो संख्यामा मुद्दाहरु फछ्यौंट गरेका हुन्। उच्च अदातल सुर्खेतले आर्थिक बर्ष २०८०/०८१ मा ९ सय १६ मुद्दा, २०८१/०८२ मा ८ सय ३२ मुद्दा र २०८२/०८३ मा ९ सय १५ मुद्दा गरी जम्मा २ हजार ६ सय ६३ वटा फछ्यौंट गरेको उच्च अदालत सुर्खेतका उपरजिष्ट्रार तथा प्रवक्ता प्रेमप्रकाश थापाले जानकारी दिए। जाजरकोट जिल्ला



अदालतले तीन आर्थिक बर्ष जम्मा १ हजार १७२ फछ्यौंट गरेको छ। आर्थिक बर्ष २०८०/०८१ मा ३ सय ४२ मुद्दा, २०८१/०८२ मा ४ सय ११ मुद्दा, २०८२/०८३ मा ४ सय १९ मुद्दा फछ्यौंट गरेको छ।

दैलेख जिल्ला अदालत आर्थिक बर्ष २०८०/०८१ मा ४ सय ६२ मुद्दा, २०८१/०८२ मा ५ सय ३३ मुद्दा र २०८२/०८३ मा ५ सय ४४ मुद्दा फछ्यौंट गरेको छ। जाजरकोट जिल्ला अदालतले पछिल्ला तीन आर्थिक बर्षमा कुल १ हजार ५ सय ५९ मुद्दा फछ्यौंट गरेको हो। रुकुम पश्चिम जिल्ला अदालतबाट आर्थिक बर्ष २०८०/०८१ मा ६ सय २० मुद्दा, २०८१/८२ मा ६ सय ७९ मुद्दा र आर्थिक बर्ष २०८२/०८३ मा ७ सय ८१ मुद्दासहित जम्मा जम्मा २ हजार ८० मुद्दा फछ्यौंट गरेको छ।

यस्तै सल्यान जिल्ला अदालतबाट पछिल्ला तीन आर्थिक बर्षमा २ हजार २ सय ६४ मुद्दा फछ्यौंट भएका छन्। आर्थिक बर्ष २०८०/८१ मा ७२४ मुद्दा, २०८१/८२ मा ७ सय ३१ मुद्दा र २०८२/०८३ मा ८ सय ९ मुद्दा सल्यान अदालतले फछ्यौंट गरेको हो।

सुर्खेत जिल्ला अदालतले ८ हजार ७ सय ४४ मुद्दा पछिल्ला तीन आर्थिक बर्षमा फछ्यौंट गरेको छ। जसमध्ये आर्थिक बर्ष २०८०/०८१ मा २ हजार ७ सय १६ मुद्दा, २०८१/०८२ मा २ हजार ९ सय १२ मुद्दा र २०८२/८३ मा ३ हजार १ सय ४६ मुद्दा फछ्यौंट गरिएको छ।

आर्थिक बर्ष २०८२/०८३ मा उच्च अदालत ☞ *बाँकी पृष्ठ २*

## चौतर्फी विरोधपछि ३ प्रतिशत स्वास्थ्य र शिक्षा समता शुल्कबाट पछि हट्यो सरकार

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ५ साउन

चौतर्फी विरोध र आलोचनापछि सरकारले शिक्षा र स्वास्थ्य समता शुल्क हटाएको छ। बिरामी, अभिभावक तथा सरोकारवाला निकायबाट सेवामै थप ३ प्रतिशत शुल्क असुल्ने व्यवस्था भन्दै व्यापक आलोचना भएपछि सरकार आफ्नो निर्णयबाट पछि हटेको हो।





सरकारले आर्थिक विधेयक २०८३ मार्फत निजी स्वास्थ्य संस्थामा ३ प्रतिशत 'स्वास्थ्य समता शुल्क' लगाउने व्यवस्था गरेको थियो। यसअनुसार निजी अस्पतालमा उपचार गराउने बिरामीले सेवा शुल्कबापत थप ३ प्रतिशतसम्म शुल्क तिर्नुपर्ने अवस्था बनेको थियो। नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ को दफा १७ मा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायकले बिरामीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा अनुसूची-८ बमोजिम स्वास्थ्य समता शुल्क लगाई असुलउपर गरिने उल्लेख थियो। उक्त शुल्क गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार तथा स्वास्थ्यसम्बन्धी पूर्वाधार निर्माणमा खर्च गरिने व्यवस्था पनि गरिएको थियो। सरकारले मंगलबार शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क हालका लागि लागू नगर्ने ☞ *बाँकी पृष्ठ २*

## सम्पादकीय

# तत्काल प्रभावकारी कदम चालीयोस

बालबालिका कुनै पनि समाजको भविष्य हुन् । उनीहरू अपराधी भएर जन्मिँदैनन्, परिस्थितिले उनीहरूलाई त्यसतर्फ धकेल्छ । किशोरावस्था जिज्ञासा, भावनात्मक उतारचढाव र साथीभाइको प्रभाव बढी पर्ने समय हो । यही अवस्थाको फाइदा उठाउँदै लागुऔषध कारोबारीले विद्यालय र कलेज उमेरका किशोरलाई आफ् नो सञ्जालमा तानिरहेका छन् । अभिभावकको व्यस्तता, परिवारभित्र संवादको कमी, सामाजिक सञ्जालको अनियन्त्रित प्रयोग, बेरोजगारी, गलत संगत र कमजोर सामाजिक निगरानीले यो जोखिम झन् बढाएको छ । सुर्खेतमा बढिरहेको अपराधको ग्राफले पनि यही संकेत गर्छ । पछिल्लो तीन वर्षमा दुई हजार ६ सयभन्दा बढी अपराधका मुद्दा दर्ता भएका छन् । जबरजस्ती करणी, घरेलु हिंसा, साइबर अपराध र आत्महत्याका घटनाले पनि समाज गम्भीर संकटतर्फ उन्मुख रहेको देखाउँछन् । तीन वर्षमा ३ सय ३२ जनाले आत्महत्या गरेको तथ्य आफैंमा भयावह छ । यी सबै घटना एकअर्कासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सामाजिक विघटन, मानसिक तनाव र कमजोर पारिवारिक सम्बन्धसँग जोडिएका छन् ।

लागुऔषध नियन्त्रणलाई प्रहरीको जिम्मेवारीमा मात्र सीमित गर्नु ठूलो भूल हुनेछ । प्रहरीले पक्राउ गर्न सक्छ, मुद्दा चलाउन सक्छ, तर एउटा किशोर किन लागुऔषधको प्रयोगकर्ता वा कारोबारी बन्यो भन्ने प्रश्नको उत्तर समाजले खोज्नुपर्छ । विद्यालयले विद्यार्थीको व्यवहारमा आएको परिवर्तन समयमै पहिचान गर्नुपर्छ। अभिभावकले सन्तानसँग संवाद बढाउनुपर्छ । स्थानीय तहले खेलकुद, सिर्जनात्मक गतिविधि, सीपमूलक तालिम र मनोसामाजिक परामर्शलाई प्राथमिकतामा राख्नुपर्छ । समुदायले पनि आफ्ना बालबालिकाप्रति सामूहिक जिम्मेवारी लिनुपर्छ । लागुऔषधविरूद्धको अभियान केवल पक्राउ र सजायको अभियान बन्नु हुँदैन । यसको केन्द्रमा रोकथाम, पुनर्स्थापना र सचेतना हुनुपर्छ । विद्यालयमा नियमित जनचेतना कार्यक्रम, समुदायस्तरमा निगरानी संयन्त्र, अभिभावक शिक्षा, किशोरमैत्री परामर्श सेवा र पुनर्स्थापना केन्द्रहरूको प्रभावकारी सञ्चालन अहिलेको आवश्यकता हो । कानुनको कठोर कार्यान्वयनसँगै सामाजिक हस्तक्षेप पनि उत्तिकै आवश्यक छ ।

कुनै पनि समाजको भविष्य त्यसका बालबालिकाले निर्धारण गर्छन् । आज लागुऔषधको जालोमा फसेको एउटा बालक वा बालिका केवल एउटा मुद्दाको तथ्यांक होइन, समाजले गुमाउन लागेको एउटा सम्भावना हो। यदि अहिले नै राज्य, परिवार, विद्यालय र समुदाय गम्भीर भएनन् भने भोलिका दिनमा यो समस्या नियन्त्रणभन्दा बाहिर जान सक्छ । त्यसैले सुर्खेतमा बढ्दै गएको लागुऔषधको संकटलाई सामान्य सुरक्षा चुनौतीका रूपमा होइन, भविष्यको पुस्तामाथि आइपरेको सामाजिक संकटका रूपमा बुझेर तत्काल प्रभावकारी कदम चाल्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो ।

## प्रकृतिविरूद्ध मानव:

# अस्तित्व जोगाउने कि सिध्याउने ?



● सुदृष्टी चापागाईं

“अब बिरुवा देखेपछि पानी हाल्न सम्झिऔं । खाली भाँडोमा चराचुरुङ्गीका लागि थोरै पानी छुट्याउन थालौं । अहिले जति मोबाइल र ल्यापटप चलाउँछौं, त्योभन्दा ५ मिनेट कम चलाउने प्रयास गरौं । च्याटजीपीटीलाई एउटा कम 'प्रम्प्ट' दिने बानी बसालौं। चुरोट खाने बानी छ भने एउटा मात्र भए पनि कम गरौं। जन्मदिनमा एउटा रुख रोप्ने संस्कार बसालौं।”

नेपाल भन्ने देशको नाम लिँदा नेपालीले गर्वका साथ “सगरमाथाको देश” भन्ने गर्छन् । संसारका १० अग्ला हिमालमध्ये ८ वटा नेपालमै पर्छन् । गीतहरूमा पनि नेपालको पहिचान गराउँदा “हिमालचुली मुन्तिर पानी भर्ने पँधेरो” भनी चिनाइन्छ । “हिमालै हिमालको हाम्रो देश” लाई जलस्रोतको दोस्रो धनी देश भनिरहँदा यहाँ साँच्चै धेरै पानी छ भनिएको मात्र होइन; नत्र त नेपालका सबै खोला बगेर भारत नै जाने भए धनी त भारत हुन्थ्यो होला ! हामीसँग हिमाल छ र हिमालको हिउँ नै पानीको मुख्य स्रोत हो, त्यसैले हामीलाई जलस्रोतमा धनी भनिएको हो ।

सालभरि फेरिने १२ महिनाजस्तै श्रावण महिनाको पनि आफ्नै विशेष महत्त्व छ । यो वर्षाको महिना हो । श्रावणमा पर्ने पानी आफैंमा एक विशेष उपहार जस्तै लाग्थ्यो । मलाई याद छ, वातावरण कानुनका शिक्षकले भन्नुहुन्थ्यो- “साउनमा परेको पानी जब खरको छानोबाट झरेर आउँथ्यो, त्यो पानी जम्मा गरेर नुहाउँदा घमौरा निको हुन्थ्यो ।”

“वर्षा नै हो साउन भदौ, पानी पानी हुन्छ” जस्ता कविता र “बादल वर्षा बिजुली, साउनको पानी” जस्ता गीतले पनि साउनको पानी कति विशेष थियो भन्ने बताउँछन् । यद्यपि, आजभोलि श्रावणको पानीमा कतै प्रकृतिको आँसु पनि मिसिएर त आएको छैन ?

प्रकृतिमा सबै कुरा एक चक्रका रूपमा रहेका छन् । आकाशबाट परेको पानी खोलामा मिसिन्छ, समुद्रसम्म पुग्छ, त्यही पानी बाफ बनेर बादल बन्छ र फेरि पानी बनेर झर्छ । यो विज्ञान हो र यही कुरा गोपालप्रसाद रिमालको “तिमी को हौ” भन्ने कवितामा पनि प्रतिध्वनित छ । एकदिन मेरी हजुरआमाले भन्नुहुन्थ्यो, “तिमीहरू कति भाग्यमानी छौ, हाम्रो पालामा कहाँ पाउनु यत्रो सेवा-सुविधा ?” मेरो जवाफ थियो, “आमा, हरेक सुविधाले एउटा मूल्य चुकाउनुपर्दो रहेछ ।

हामीले पाएका यी सुविधा स्वच्छ हावामा सास फेर्न पाउने अधिकार, शुद्ध पानी पिउन पाउने सुविधा र विषादीरहित खाना खान पाउने अवसर त्यागेर आएका हुन् । तपाईंको जमानाको जस्तो स्वच्छ हावामा सास फेर्न पाए म आफूलाई अझ बढी भाग्यमानी ठान्ने थिएँ ।” म सोच्छु, पानी त परिरहेकै छ, तर विपत्ति चाहिँ किन बढ्दै गयो त ?

“मानव चेतनशील प्राणी हो” भन्ने वाक्य विद्यालयका नेपाली र सामाजिक अध्ययनका पाठ्यपुस्तकमा सधैं लेखिएको हुन्थ्यो । मानिसले विवेक प्रयोग गरेर सही र गलत छुट्याउन सक्छ भनिन्छ । तसर्थ, मानवले आफ्ना क्रियाकलापमा नियन्त्रण राख्न सक्छ भन्ने बुझिन्छ । मानिसले आफ्नो जीवन सहज बनाउन जे-जति प्रयास गरिरहेको छ, त्यसलाई ‘विकास’ भन्छ ।

तर, त्यो विकासको बाटोमा हामीले वातावरणलाई मूल्यका रूपमा चुकाइरहेका छौं । बाटो फराकिलो बनाउन पहाड फुटाउँदा बम पड्काइन्छ, जसले हावा प्रदूषित बनाउँछ । संरचना बनाउन रुख काटिन्छ, जसले जैविक विविधतामा असर पुऱ्याउँछ र चराचुरुङ्गीको बासस्थान उठ्छ । इन्टरनेटको रेडिएसनले चराहरू हराउँदै गएका छन् ।

वातावरण कुनै एक व्यक्तिको वस्तु होइन, यो सबै प्राणीको साझा सम्पत्ति हो । मानवताको नाताले अब मानिसले आफ्ना क्रियाकलापलाई पुनर्विचार गर्ने बेला आएको छ । यद्यपि, विकास नै नगर्ने भन्ने त हुँदैन । “लेख लेख्न बिजुली, ल्यापटप र इन्टरनेट प्रयोग गर्ने अनि कलेज जाँदा बाइक चढ्नेले विकासको विरोध गर्ने?” भन्ने तर्क पनि आउन सक्छ ।

हो, विकास जरुरी छ, तर दिगो विकास अवलम्बन गर्न त कानुनले नै भनेको छ नि ! अबका विकास परियोजनाहरू कार्यान्वयन गर्दा वातावरण आफ्नै हो भन्ने सम्झेर कानुनको उचित पालना गरौं । अब हामीले स्व-विवेक प्रयोग गर्ने बेला भएको छ ।

अब बिरुवा देखेपछि पानी हाल्न सम्झिऔं । खाली भाँडोमा चराचुरुङ्गीका लागि थोरै पानी छुट्याउन थालौं । अहिले जति मोबाइल र ल्यापटप चलाउँछौं, त्योभन्दा ५ मिनेट कम चलाउने प्रयास गरौं । च्याटजीपीटीलाई एउटा कम ‘प्रम्प्ट’ दिने बानी बसालौं । चुरोट खाने बानी छ भने एउटा मात्र भए पनि कम गरौं । जन्मदिनमा एउटा रुख रोप्ने संस्कार बसालौं ।

यी स-साना कामले के हुन्छ र ? भन्ने लाग्न सक्छ । तर, १०० जनाले यसो गरे एउटा चरा बढी बाँच्छ, एक थोपा पानी कम प्रदूषित होला र फेरिने सास अलि स्वच्छ होला । यति मात्र गर्न सके पनि हिमालको हिउँ कम पग्लिन्थ्यो कि! अनि केही समय बढी “सगरमाथाको देश नेपाल” भनेर गर्व गर्न पाइन्थ्यो कि !

श्रावणको पानीमा रोइरहेको हिमालको आँसु होस् या नहोस्, तेजाबको अंश भने पक्कै देखिन थालेको छ । हामीले पानीमा नमिसाएको फोहोर केही छैन । तसर्थ, अबको मेहेनत पानीलाई स्वच्छ बनाउनतर्फ लाग्नुपर्छ । पृथ्वीका पाँच तत्व (पञ्चतत्त्व) संरक्षण गर्नु निकै जरुरी छ । सायद यही कारणले होला, राम शाहले ‘थिति’ बाँध्दा “रुख नकाट्नु, रुख काटे पानीको मुहान सुक्छ” भनेका थिए ।

२०२१ सालको भूमिसम्बन्धी ऐनले पनि वातावरण संरक्षणलाई एउटा उद्देश्य बनाएको थियो । हाम्रा वेदहरूमा “सर्वे भवन्तु सुखिनः” र “माता भूमिः पुत्रोऽहं पृथिव्याः” (पृथ्वी मेरी आमा हुन् र म उनको पुत्र हुँ) लेखिएको छ । किरात सभ्यताले प्रकृति पुज्नु, थारु सभ्यताले जङ्गल संरक्षण गर्नु र नेवाः सभ्यताले ‘सिथि नखः’ का दिन पानीका मुहान सफा गर्नुको अर्थ एउटै हो- हाम्रो संस्कृति नै वातावरण मैत्री छ । हाम्रो चेतनाले बुझ्नुपर्छः प्रकृतिका कारण हाम्रो अस्तित्व छ, हाम्रो कारणले प्रकृति होइन ।

आज हिमाल रोइरहेको छ । जलवायु परिवर्तन मानवले नै निम्त्याएको सङ्कट हो र यसलाई मानवले नै नियन्त्रण गरेर मानवताको उदाहरण पेश गर्नुपर्छ। बाराक ओबामाले भने जस्तै- “हामी जलवायु परिवर्तनको असर भोग्ने पहिलो पुस्ता र यसलाई सुधार्न सक्ने अन्तिम पुस्ता हौं ।” त्यसैले, अब प्रकृतिको सम्मान गर्ने बेला भइसकेको छ ।

# ‘राजनीति प्रतिशोधबाट माथि उठ्नुपर्छ, नेपाली भूमिमा पाइला टेक्दैछु’

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ५ साउन

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले वर्तमान राजनीति प्रतिशोधको भावनाबाट माथि उठ्नुपर्नेमा जोड दिँदै आफू छिट्टै नेपाली भूमिमा फर्किने बताएका छन् । स्वास्थ्य उपचारका क्रममा हाल विदेशमा रहेका पूर्वप्रधानमन्त्री देउवाले बीपी स्मृति दिवसका अवसरमा एक वक्तव्य जारी गर्दै पछिल्लो समय मुलुकमा विकसित राजनीतिक घटनाक्रमप्रति गम्भीर चासो व्यक्त गरेका हुन् । आफ्नो आठ दशक लामो राजनीतिक यात्रा र ६ दशकभन्दा लामो कांग्रेसको सक्रिय राजनीतिलाई स्मरण गर्दै देउवाले लोकतन्त्र, संविधानवाद र जनताको अधिकारका पक्षमा आफ्नो अडान कहिल्यै विचलित



नहुने स्पष्ट पारेका छन् । उनले फरक विचारप्रति राज्यले देखाएको असहिष्णुता र राज्यशक्तिको प्रतिशोधपूर्ण प्रयोग लोकतान्त्रिक समाजका लागि स्वीकार्य हुन नसक्ने उल्लेख गरे । प्रतिपक्षलाई दबाउन भौतिक र मनोवैज्ञानिक त्रास सिर्जना गर्ने प्रवृत्तिको विरोध गर्नु नै कांग्रेसको ऐतिहासिक दायित्व भएको उनको भनाइ छ । देउवाले सरकारले स्वतन्त्र न्यायपालिका र संवैधानिक निकायहरूलाई दबाबमा राखेर प्रतिपक्षलाई आतंकित पार्ने औजारका रूपमा प्रयोग गर्न खोजेको आरोप लगाएका छन् । उनले भनेका छन्, “दुर्भाग्यवश सरकारले प्रतिपक्षप्रति प्रतिशोधको राजनीति अघि बढाउँदै स्वतन्त्र न्यायपालिका र संवैधानिक संस्थाहरूमा दबाब सिर्जना गर्न थालेको छ, जुन मुलुकको लोकतान्त्रिक प्रणालीका लागि गम्भीर संकेत हो।” जननायक बिपी कोइरालाको मेलमिलाप नीति र आदर्शलाई मार्गदर्शन मान्दै देउवाले आज देशलाई विभाजन होइन एकता, अविश्वास होइन विश्वास र प्रतिशोध होइन सहकार्यको आवश्यकता रहेको उल्लेख गरेका छन्। उनले विगतका अनुभव र नयाँ पुस्ताको सिर्जनशील क्षमतालाई जोडेर राष्ट्र निर्माणको साझा संकल्प गर्नुपर्नेमा जोड दिएका छन् । आफ्नो वक्तव्यको अन्त्यमा देउवाले नेपाली जनताको लोकतान्त्रिक चेतना र न्यायप्रतिको विश्वासप्रति आफू पूर्ण रूपमा विश्वस्त रहेको बताउँदै राष्ट्रियता, प्रजातन्त्र र समाजवादको रक्षाका लागि दृढतापूर्वक उभिन आफू पुनः नेपाली भूमिमा पाइला टेक्दै गरेको सन्देश दिएका छन्। उनले नेपाली जनता, युवा पुस्ता र नागरिक समाजसँगको निष्ठा र प्रतिबद्धतालाई पुनर्जीवित गर्दै आफू स्वदेश फर्कन लागेको जानकारी दिएका छन् ।

## चौतर्फी...

निर्णय गरेको हो । प्रधानमन्त्री बालेन शाहले फेसबुकमार्फत उक्त निर्णय सार्वजनिक गर्दै निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता शुल्क तत्काल कार्यान्वयन गर्दा आमनागरिकमाथि थप आर्थिक भार पर्ने र निराशा बढ्ने देखिएकाले अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि यस्तो निर्णय गरिएको उल्लेख गरेका छन् । यो निर्णयसँगै निजी अस्पताल, ल्याब, नर्सिङ होम, पोलिक्लिनिक तथा निजी मेडिकल कलेजका सेवाग्राहीले ३ प्रतिशत स्वास्थ्य समता शुल्क तिर्नुपर्ने छैन । त्यसैगरी निजी विद्यालयले पनि अभिभावकबाट थप ३ प्रतिशत शिक्षा समता शुल्क लिन पाउने छैनन् ।

## उच्च...

तथा मातहतका जिल्ला अदालतहरुमध्ये प्रतिशतका हिसाबले सबैभन्दा धेरै मुद्दा फछ्यौंट जिल्ला अदालत जाजरकोटले गरेको छ ।

मुद्दाका आधारमा जाजरकोट अदालतले ८९.४ प्रतिशत मुद्दा फछ्यौंट गरेको हो । उच्च अदालत सुर्खेतले ८२.५ प्रतिशत, दैलेख जिल्ला अदालतले ७९.८ प्रतिशत, सल्यान जिल्ला अदालतले ७३.४ प्रीतशत, सुर्खेत जिल्ला अदालतले ६३.२ प्रतिशत मुद्दा गत आर्थिक बर्षमा फछ्यौंट गरेका छन् ।

उच्च अदालत सुर्खेतमा गत आर्थिक बर्ष सबैभन्दा धेरै जबर्जस्ती करणीका १ सय ६९ मुद्दा परेका थिए । तीमध्ये १ सय ५४ फछ्यौंट भएका छन् भने १५ वटा बाँकी रहेका छन् ।

मंगलबार उच्च अदालत सुर्खेतद्वारा आयोजित वार्षिक प्रगति विवरण सार्वजनिक कार्यक्रममा उच्च अदालतका मुख्य न्यायाधीश हरिप्रसाद भण्डारीले सीमित न्यायाधीश, कर्मचारी अभाव र बढ्दो मुद्दाका कारण अपेक्षित गतिमा सबै मुद्दा टुंग्याउन नसकिएको बताए । मुख्य न्यायाधीश भण्डारीका अनुसार गत आर्थिक बर्षमा उच्च अदालतबाट १ सय २६ वटा मुद्दा मेलमिलापको माध्यमबाट फछ्यौंट गरिएको छ । मेलमिलापका लागि पठाईएका ६ सय ९३ मुद्दामध्ये १ सय २६ वटा फछ्यौंट भएको उनले जानकारी दिए

# मुगुमा झण्डै एक अर्ब बजेट फ्रिज




**काँक्रेविहार संवाददाता**
मुगु, ५ साउन

आर्थिक वर्ष २०८२/८३ मा मुगु जिल्लामा विनियोजित बजेटमध्ये झण्डै एक अर्ब रुपैयाँ खर्च हुन नसकी फ्रिज भएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरणअनुसार कुल ९९ करोड ७४ लाख ८१ हजार एक सय २९ रुपैयाँ बजेट खर्च हुन नसकेको हो।

विकास निर्माणका काम समयमै सम्पन्न हुन नसक्दा र बजेट कार्यान्वयनमा ढिलाइ हुँदा ठूलो रकम फ्रिज भएको सम्बन्धित कार्यालयले जनाएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय मुगुका प्रमुख विवेक गिरीका अनुसार कार्यालयमार्फत विनियोजित तीन अर्ब ३९ करोड ८८ लाख ४४ हजार आठ सय आठ रुपैयाँमध्ये चालुतर्फ दुई अर्ब ५५ करोड ९८ लाख ८५ हजार पाँच सय ३६ रुपैयाँ र पुँजीगततर्फ ३१ करोड ८२ लाख ७६ हजार छ सय ३१ रुपैयाँ खर्च भएको छ । यससँगै कुल दुई अर्ब ८७ करोड ८१ लाख ६२ हजार १९५ रुपैयाँ खर्च हुँदा ५२ करोड छ लाख ८२ हजार छ सय १५ रुपैयाँ बजेट फ्रिज भएको छ।

कार्यालयका अनुसार चालुतर्फ ९१.५ प्रतिशत बजेट खर्च भए पनि पुँजीगततर्फ खर्च ५३ प्रतिशतमा सीमित रह्यो।

स्थानीय तहको खर्च विवरणमा पनि अपेक्षा अनुसार प्रगति हुन सकेको देखिँदैन। छायाँनाथ रारा नगरपालिकाले प्राप्त बजेटमध्ये ३८ करोड २ ९ लाख रुपैयाँ खर्च गरेको छ भने मुगुमकार्मारोङ गाउँपालिकाले २१ करोड ११ लाख रुपैयाँ, सोरु गाउँपालिकाले ३० करोड ९१ लाख रुपैयाँ र खत्याड गाउँपालिकाले ३६ करोड ७९ लाख रुपैयाँ खर्च गरेका छन्।

अधिकांश स्थानीय तहमा विकास आयोजनाको कार्यान्वयनमा ढिलाइ हुँदा बजेट पूर्ण रूपमा उपयोग हुन नसकेको देखिएको छ। यता, प्रदेश लेखा नियन्त्रक कार्यालय मुगुका अनुसार प्रदेशअन्तर्गतका आठ कार्यालयका लागि विनियोजित एक अर्ब ३९ करोड सात लाख ४५ हजार नौ सय ९० रुपैयाँमध्ये एक अर्ब २१ करोड ३९ लाख ४७ हजार दुई सय ७० रुपैयाँ मात्रै खर्च भएको छ।

प्रदेशतर्फ मात्रै ४७ करोड ६७ लाख ९८ हजार पाँच सय १६ रुपैयाँ बजेट फ्रिज भएको कार्यालयले जनाएको छ। प्रदेशतर्फ चालु बजेटको ७८ प्रतिशत र पुँजीगत बजेटको ६८ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्ष २०८१/८२ मा पनि मुगुमा ९३ करोड २४ लाख रुपैयाँभन्दा बढी बजेट फ्रिज भएको थियो। लगातार ठूलो रकम खर्च हुन नसक्नुले विकास निर्माणका योजना प्रभावित भइरहेका छन्।

समयमै योजना सम्पन्न गर्ने, बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा पुँजीगत खर्च बढाउनेतर्फ सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ।

# विद्यालय भवन भत्किँदा त्रिपालमै पढाइ

**काँक्रेविहार संवाददाता**
हुम्ला, ५ साउन

जिल्लाको चंखेली गाउँपालिका पाँच स्थित नेप्कागाउँको डाँफे आधारभूत विद्यालय पहिरोका कारण ठूलो क्षति बेहोरेपछि विद्यार्थीहरू खुला चौरमा त्रिपाल टाँगेर पठनपाठन गर्न बाध्य भएका छन्।

गत जेठ पाँच गते राति आएको भीषण पहिरोले विद्यालयका छ वटा भवनमध्ये पाँच वटा पूर्ण रूपमा भत्काइदिएपछि विद्यालयको नियमित शैक्षिक गतिविधि प्रभावित भएको हो।

विद्यालय भवन ध्वस्त भएपछि स्थानीयवासी तथा सहयोगी मन भएका व्यक्तिहरूको सहयोगमा चौरमा त्रिपाल टाँगेर अस्थायी कक्षाकोठा तयार गरिएको छ। हाल कक्षा चार देखी सातका विद्यार्थीहरू त्यही त्रिपालमुनि अध्ययन गरिरहेका छन्।

एउटा त्रिपालमा १२ देखि २० जना विद्यार्थी



अट्ने व्यवस्था गरिएको भए पनि वर्षा, हावा र अन्य प्रतिकूल मौसमका कारण अध्ययन-अध्यापन सहज हुन सकेको छैन। विद्यालयका प्रधानाध्यापक बली तामाङका अनुसार खुला चौरमा पढाउनुभन्दा त्रिपाल केही सुरक्षित भए पनि त्यसले प्रभावकारी शैक्षिक वातावरण सिर्जना गर्न नसकेको बताए।

विद्यालयसँग पर्याप्त जग्गा नभएकाले अस्थायी संरचना विस्तार गर्नसमेत कठिनाइ भइरहेको उनको भनाइ छ। कक्षा आठ सम्म अध्ययन हुने उक्त विद्यालयमा हाल ८३ जना विद्यार्थी अध्ययनरत छन्। पहिरोबाट जोगिएको एउटा मात्र भवनमा अन्य कक्षाहरू जेनतेन सञ्चालन भइरहेका छन्।

पर्याप्त कक्षाकोठा नहुँदा विद्यार्थी र शिक्षक दुवैले दैनिक रूपमा विभिन्न समस्या भोग्नुपरेको छ। विद्यालयको भौतिक संरचनामा भएको क्षतिपछि कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षमा नयाँ विद्यालय भवन निर्माणका लागि सामाजिक विकास कार्यालयमार्फत ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

स्थानीयवासीले उक्त बजेटको शीघ्र कार्यान्वयन गरी सुरक्षित भवन निर्माण गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। उक्त पहिरोले विद्यालयमा मात्र नभई नेप्कागाउँका स्थानीयवासीको जनजीवनमा पनि ठूलो असर पुऱ्याएको थियो।

पहिरोले स्थानीयको भेडाबाख्रा बगाउनुका साथै खेती गरिएको जमिनसमेत क्षतिग्रस्त बनाएको थियो, जसका कारण गाउँलेहरूले आर्थिक र कृषि क्षेत्रमा पनि ठूलो नोक्सानी बेहोर्नुपरेको छ।

# एक सय १४ सवारी कारबाही, एक लाख १५ हजार राजस्व संकलन




**काँक्रेविहार संवाददाता**
डोल्पा, ५ साउन

हिमाली जिल्ला डोल्पामा ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी साधनमाथि प्रहरीले निगरानी बढाएपछि एक महिनाको अवधिमा एक सय १४ वटा सवारी साधन कारबाहीमा परेका छन्। जिल्ला प्रहरी कार्यालय डोल्पाले सार्वजनिक गरेको २०८३ साल असार महिनाको कार्यप्रगति विवरण अनुसार उक्त कारबाहीबाट एक लाख १५ हजार रुपैयाँ राजस्व संकलन भएको छ। प्रहरीका अनुसार असार महिनाभर नियमित सवारी चेकजाँच, ट्राफिक निगरानी तथा सडक सुरक्षा अभियानलाई प्रभावकारी बनाइएकाले ट्राफिक अनुशासन कायम गर्न र दुर्घटना न्यूनीकरणमा सकारात्मक प्रभाव परेको छ। सो अवधिमा एक हजार १८ वटा सवारी चेकिङ, ५६ वटा एलआरपी, दुई हजार एक सय ५६ वटा एसआरपी, पाँच सय २३ वटा पिकेट तथा चार सय ७८ वटा ग्रामीण गस्ती सञ्चालन गरिएको थियो। कार्यप्रगति विवरणअनुसार असार महिनामा जिल्लामा तीन वटा सवारी दुर्घटना भएका छन्। दुर्घटनामा एक जनाको मृत्यु भएको भने १४ जना घाइते भएका छन्। घाइते सबैको प्रहरीले समयमै उद्धार गरी उपचारका लागि पठाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी विनयकुमार सिंहले जानकारी दिए। यस अवधिमा प्रहरीले १४ वटा मुद्दा दर्ता गरेको छ। तीमध्ये आठ वटा आर्थिक अपराध, एक वटा लागुऔषध सम्बन्धी र पाँच वटा अन्य प्रकृतिका मुद्दा रहेका छन्।

दर्ता भएका मुद्दामध्ये आठ वटा फछ्र्योट भइसकेका छन् भने चार जना प्रतिवादी पक्राउ परेका छन्। प्रहरीका अनुसार असार महिनाको उल्लेखनीय उपलब्धिमध्ये स्रोत नखुलेको ५५ लाख ९० हजार रुपैयाँ नगदसहित दुई जनालाई नियन्त्रणमा लिनु पनि एक हो। साथै प्राकृतिक स्रोत तथा सम्पदा दोहन नियन्त्रण अभियानअन्तर्गत छ वटा सवारी साधन नियन्त्रणमा लिई छ जनालाई पक्राउ गरिएको तथा २४ हजार रुपैयाँ जरिवाना गरिएको छ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई पनि असार महिनाभर निरन्तरता दिइएको प्रहरीले जनाएको छ। यसअन्तर्गत २३ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी पाँच सय ५० जनालाई सहभागी गराइएको थियो। साथै प्रहरी हटलाइनमा प्राप्त एक हजार तिन सय एक वटा कलमा तत्काल प्रतिक्रिया दिइएको र एक हजार दुई २३ जना सेवाग्राहीलाई विभिन्न प्रकारका प्रहरी सेवा उपलब्ध गराइएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ। प्रहरीले आगामी दिनमा पनि ट्राफिककारी बनाइने जनाएको छ।

# स्वास्थ्य बिमा सेवा पुनः सञ्चालनमा

**काँक्रेविहार संवाददाता**
सल्यान, ५, साउन

केही समयदेखि अवरुद्ध रहेको स्वास्थ्य बिमा अन्तर्गतको सेवा सल्यानमा पुनः सञ्चालनमा आएको छ। स्वास्थ्य सेवा कार्यालय, सल्यानले स्वास्थ्य बिमा बोर्डबाट प्राप्त हुनुपर्ने दाबी रकमको भुक्तानी तथा सुविधा प्याकेज सम्बन्धी समस्या समाधान भएपछि साउन पाँच गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गतका सम्पूर्ण सेवा पुनः नियमित रूपमा सञ्चालन गरिएको जनाएको हो।

कार्यालयले जारी गरेको सूचनाअनुसार स्वास्थ्य बिमा बोर्डबाट अस्पतालले प्राप्त गर्नुपर्ने बिमा दाबी रकम समयमै भुक्तानी नहुँदा सेवा सञ्चालनमा आर्थिक समस्या उत्पन्न भएको थियो। त्यस्तै, बोर्डले लागू गरेको सुविधा प्याकेजमा उपचार तथा सेवाको दर न्यून रहेकाले अस्पताललाई सेवा सञ्चालन गर्न कठिनाइ भएको भन्दै केही समयका लागि स्वास्थ्य बिमा सेवा स्थगित गरिएको थियो।

स्वास्थ्य बिमा बोर्डले सुविधा प्याकेजमा आवश्यक परिमार्जन गरेपछि भने सेवा पुनः सञ्चालन गर्ने वातावरण बनेको स्वास्थ्य सेवा कार्यालयले जनाएको छ। नयाँ व्यवस्था लागू भएसँगै अस्पतालमा स्वास्थ्य बिमा




कार्डमार्फत उपचार, परीक्षण तथा बिमा अन्तर्गत उपलब्ध गराइने अन्य सेवा नियमित रूपमा सञ्चालन हुन थालेका छन्। कार्यालयले स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध सबै सेवाग्राहीलाई आफ्नो स्वास्थ्य बिमा परिचयपत्र (कार्ड) साथमा लिएर अस्पतालमा उपस्थित भई निर्धक्क रूपमा उपचार सेवा लिन आग्रह गरेको छ। केही समयदेखि अवरुद्ध रहेका बिमा सम्बन्धी सेवा पुनः सुचारु भएकाले अब सेवाग्राहीले नियमित रूपमा स्वास्थ्य बिमाको सुविधा प्राप्त गर्न सक्ने जनाइएको छ।

अस्पताल प्रशासनले स्वास्थ्य बिमा अन्तर्गत औषधि वितरण सम्बन्धी व्यवस्था भने यथावत रहने स्पष्ट पारेको छ। अस्पताल फार्मेसीबाट स्वास्थ्य बिमाअन्तर्गत उपलब्ध गराइने औषधि एक पटकमा अधिकतम एक महिनाका लागि मात्र वितरण गरिने व्यवस्था कायम रहने जनाएको छ। यसले औषधिको व्यवस्थापनलाई प्रभावकारी बनाउनुका साथै सबै सेवाग्राहीलाई समान रूपमा सेवा उपलब्ध गराउन सहयोग पुग्ने अस्पतालको विश्वास छ।

स्वास्थ्य सेवा कार्यालय सल्यानले स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै नागरिकलाई सहज, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराउने प्रतिबद्धता दोहोऱ्याएको छ। कार्यालयका अनुसार आगामी दिनमा स्वास्थ्य बिमा सेवामा कुनै अवरोध नआओस् भन्ने उद्देश्यले सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ। स्वास्थ्य बिमा सेवाको पुनः सञ्चालनसँगै जिल्लाका बिमामा आबद्ध हजारौँ सेवाग्राही प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# सहकारीको नेतृत्वले फेरिदै कर्णालीका महिलाको जीवन



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ साउन

कुनै समय घरधन्दामा सीमित कर्णालीका हजारौँ महिला आज सहकारीमार्फत उद्यमी, आत्मनिर्भर र नेतृत्वदायी भूमिकामा पुगेका छन् ।

बचत र ऋणको सीमाभन्दा बाहिर गएर कृषि, पशुपालन, बीउ उत्पादन, अर्गानिक वस्तु बिक्री तथा साना उद्योग सञ्चालनमा महिलाको सक्रियता बढ्दै गएको छ । यस परिवर्तनको उदाहरण हुन् सुर्खेतको गुर्भाकोटकी दीपा राना ।

जन्मिएको तीन महिनामै आगलागीमा दुवै खुट्टा गुमाएकी उनले २०६५ सालमा महिलालाई साक्षर बनाउने अभियानसँगै बचत समूह सुरु गरिन् ।

२०६७ मा स्थापना भएको महिला परिवर्तन साना किसान कृषि सहकारी संस्था आज एक हजार सात सय ४० महिला सदस्य, २९ करोड रुपैयाँभन्दा बढी पुँजी र विभिन्न कृषि उद्यमसहित सफल सहकारीका रूपमा स्थापित भएको छ ।

सहकारीले बीउ उत्पादन, कृषि तथा पशु प्राविधिक सेवा र बजार व्यवस्थापनसमेत गर्दै आएको छ । यस्तै, वीरेन्द्रनगरकी भूमिसरा श्रेष्ठले ९२ महिलाबाट सुरु गरेको श्री सम्झौता सामाजिक उद्यमी महिला सहकारीमा अहिले छ सय ५८ महिला आबद्ध छन् ।

सहकारीको ऋणबाट महिलाले डेरी, टेलरिङ, अर्गानिक कृषि र स्थानीय उत्पादनको बजारीकरण गर्दै आम्दानी बढाइरहेका छन् ।

दैलेखकी दुर्गा थापाको नेतृत्वमा सञ्चालित भगवतीमाई महिला कृषि सहकारीले पनि तरकारी, बाख्रापालन, भैँसीपालन र घरेलु उद्योगमार्फत महिलाको आयआर्जन बढाएको छ ।

जुम्लाको चन्दननाथ बहुउद्देश्यीय सहकारीले भने प्रदेशभर २१ सेवा केन्द्र सञ्चालन गर्दै २५ हजारभन्दा बढी सदस्यलाई वित्तीय तथा बजार सेवा उपलब्ध गराइरहेको छ ।

सहकारी अभियन्ताहरूका अनुसार महिलाले सञ्चालन गरेका सहकारीले आर्थिक सशक्तीकरणसँगै नेतृत्व क्षमता, निर्णय गर्ने आत्मविश्वास र सामाजिक सहभागिता बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । यद्यपि, महिला नेतृत्वका सहकारीले अझै पनि पर्याप्त सरकारी सहयोग र विश्वास नपाएको उनीहरूको गुनासो छ ।

हाल कर्णालीमा तिन सय ११ दर्ता भएका सहकारीमध्ये करिब ६० वटा महिला नेतृत्वमा सञ्चालनमा छन् । सहकारीले हजारौँ महिलालाई स्वरोजगार बनाउँदै कर्णालीको आर्थिक तथा सामाजिक रूपान्तरणमा उल्लेखनीय योगदान पुऱ्याइरहेका छन् ।

# प्रदेश अस्पतालमा बिरामीको बढ्दो चाप

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ साउन



सुर्खेतस्थित प्रदेश अस्पताल, कालागाउँमा दैनिक बिरामीको चाप बढ्दै जाँदा उपचार सेवा लिन आउने सेवाग्राहीले घण्टौं लाइन बस्नुपर्ने अवस्था सिर्जना भएको छ ।

कर्णाली प्रदेशका विभिन्न दुर्गम जिल्लाका साथै छिमेकी जिल्लाबाट आउने बिरामीको संख्या बढे पनि अस्पतालको सेवा व्यवस्थापन प्रभावकारी हुन नसकेको भन्दै सेवाग्राहीले गुनासो गरेका छन् ।

बिहानैदेखि टिकट काउन्टर, स्वास्थ्य बिमा दर्ता कक्ष र सोधपुछ केन्द्रमा लामो लाइन लाग्ने गरेको छ । सीमित काउन्टर, प्रभावकारी टोकन प्रणालीको अभाव र बढ्दो बिरामी चापका कारण उपचार प्रक्रिया सुरु गर्न नै धेरै समय लाग्ने गरेको सेवाग्राहीको भनाइ छ ।

कालीकोटको तिलागुफाका रमेश चदाराले बिहान छ बजेदेखि लाइनमा बसे पनि १० बजेर २३ मिनेटसम्म टिकट पाउन नसकेको बताए ।

लामो समय लाइनमा बस्दा बिरामीको स्वास्थ्य अवस्था थप जटिल बन्न सक्ने भन्दै उनले सेवा व्यवस्थापन सुधार गर्न आग्रह गरे ।

सेवाग्राहीका अनुसार टिकट पाएपछि पनि चिकित्सकसँग भेट्न, प्रयोगशाला परीक्षण गराउन, भिडियो एक्स-रे गर्न तथा रिपोर्ट प्राप्त गर्न फेरि लामो समय कुर्नुपर्ने बाध्यता छ ।

बिरामीको चापअनुसार पर्याप्त स्वास्थ्यकर्मी र कर्मचारी नहुँदा सेवा प्रवाह प्रभावित भएको उनीहरूको भनाइ छ ।

अस्पतालका प्रशासन शाखा प्रमुख तथा सूचना अधिकारी उपसचिव अनिता ज्ञवालीले कर्णाली प्रदेशकै प्रमुख प्रेषण अस्पताल भएकाले क्षमताभन्दा बढी बिरामी आउने गरेको बताए ।

स्वास्थ्य बिमा कार्यक्रम विस्तारसँगै दुर्गम क्षेत्रका बिरामीको संख्या बढेकाले सेवा व्यवस्थापनमा थप चुनौती आएको उनको भनाइ छ ।

उनका अनुसार बिरामीलाई सहज सेवा दिन अतिरिक्त काउन्टर सञ्चालन, टोकन प्रणालीलाई व्यवस्थित बनाउने र प्रविधिको प्रयोग बढाउने तयारी भइरहेको छ ।

बढ्दो बिरामी चापलाई व्यवस्थापन गर्न पूर्वाधार विस्तार, पर्याप्त जनशक्ति र प्रभावकारी सेवा प्रणाली आवश्यक रहेको देखिएको छ ।

## उद्योग खारेजीको सूचना


**सूचना प्रकाशित मिति : २०८३/०४/०६**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री यामलाल सुवेदी** धनी रहेको, **दर्ता नम्बर** ५२०२ बाट **लेकवेशी-९ चौरासे, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **खुमन ग्रिल उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/०६**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री यामलाल सुवेदी** धनी रहेको, **दर्ता नम्बर** ३१९७ बाट **लेकवेशी-९ चौरासे, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सुवेदी पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)